माननीय आर्थिक मामिला मन्त्री

**श्री धन बहादुर मास्कीले**

प्रदेश सभामा प्रस्तुत गर्नु भएको

# प्रदेश विनियोजन विधेयक,२०८० का सिद्धान्त र प्राथमिकता

लुम्बिनी प्रदेश सरकार

**आर्थिक मामिला मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

जेठ,२०८०

**माननीय सभामुख महोदय,**

नेपालको संविधानका मूल आदर्श, मूल्य, मान्यता र सिद्धान्तलाई मार्गदर्शनको रूपमा लिई लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता पेश गर्न यस गरिमामय सभामा उपस्थित भएको छु। प्रदेशको आगामी आर्थिक वर्षको बजेट मार्फत् दिगो, फराकिलो एवम् समावेशी आर्थिक बृद्धि हासिल गर्दै रोजगारी सिर्जना, संघीयताको सबलीकरण तथा सुशासन प्रवर्द्धन गर्दै स्रोत साधनको परिचालनमा मितव्ययिता एवम् प्रभावकारिता कायम गर्ने तर्फ लक्षित रहेको जानकारी गराउँछु।

सर्वप्रथम म प्रदेशको अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका विद्यमान अवस्थालाई संक्षेपमा प्रस्तुत गर्न चाहन्छुः

१. विश्वव्यापी रूपमा देखा परेका आर्थिक परिदृश्य तथा केही आन्तरिक कारणले समग्र राष्ट्रिय अर्थतन्त्रमा शिथिलता उत्पन्न भई प्रादेशिक अर्थतन्त्र दबाबमा रहेको परिवेशमा मैले आर्थिक मामिला मन्त्रीको जिम्मेवारी सम्हालेको छु। संघीय सरकारबाट प्राप्त हुने अनुदान र बाँडफाँट भई प्राप्त हुने राजस्वमा आएको सङ्कुचन तथा प्रदेशको आन्तरिक राजस्व समेत लक्ष्य अनुरूप सङ्कलन हुन सकेको छैन। सार्वजनिक खर्चको उचित प्राथमिकीकरण हुन नसक्दा चालु खर्चमा बृद्धि र पुँजीगत खर्च न्यून रहेको देखिन्छ। साथै, आर्थिक वर्षको अन्त्यतिर खर्च गर्ने प्रवृत्ति कायमै छ। फलस्वरुप प्रदेश सरकारको वित्त सन्तुलनमा चाप परेको अवस्था छ।

२. न्यून कूल गार्हस्थ बचत, मुद्रास्फीति, उच्च ब्यापार घाटा, बैकिङ्ग क्षेत्रमा खराब कर्जाको जोखिम जस्ता राष्ट्रिय अर्थतन्त्रका चुनौतीका बावजुद् अर्थतन्त्रका केही सूचक सुधार हुँदै गएका छन्। जनतामा बढ्दै गएको विकासको बहुआयामिक आकाङ्क्षा सम्बोधन गर्न सक्ने गरी प्रदेशको आर्थिक सामर्थ्य विकास गर्नुपर्ने चुनौती रहेको छ। साथै, आगामी बजेटले निजी क्षेत्रको मनोवल बृद्धि, उद्यमशीलता प्रवर्द्धन र सेवा प्रवाहमा सुधार गरी जवाफदेहीता तथा पारदर्शिता अभिबृद्धि गर्नुपर्ने आवश्यकता बोध गरेको छु।

३. प्रदेश सरकार स्थापना भएको पाँच वर्ष पूरा भई दोस्रो कार्यकालका लागि प्रदेश सभाका जनप्रतिनिधि निर्वाचित भई आइसकेको परिप्रेक्ष्यमा नयाँ जनमत अनुरूप

प्रदेशवासीका दैनिक जनजीवनसँग जोडिन र भविष्यको सुन्दर मार्ग निर्माणका लागि प्रयासरत रहनु हाम्रो कर्तव्य रहेको छ।

४. प्रदेश सरकारले संघ तथा स्थानीय तहसँग सामाजिक तथा पूर्वाधार विकासका लागि समन्वय र सहकार्य मार्फत् थप क्रियाशील रहँदै परिमाणात्मक र गुणात्मक विकास गर्नुपर्ने आवश्यकता बोध गरेको छु।

५. स्थानीय तहको सार्वजनिक सेवा प्रवाह, विकास निर्माण र सुशासन कायम गर्ने सम्बन्धमा प्रदेश सरकारको भूमिका र जिम्मेवारी थप स्पष्ट गरिनेछ । स्थानीय तहहरू बीचका विशिष्टतालाई पहिचान गरी सो अनुरुप उत्पादन र उत्पादकत्व बृद्धि गरी प्रदेशको समष्टिगत प्रतिफलद्वारा राष्ट्रिय उत्पादनलाई टेवा पुऱ्याउने सोँचलाई साकार

पार्न प्रदेश सरकारलाई प्रभावकारी बनाउन जरुरी रहेको देख्दछु।

६. आर्थिक वर्ष २०८०/०८१ को प्रदेश विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता निर्धारण गर्दा नेपालको संविधानले परिकल्पना गरेका लोकतान्त्रिक मान्यतामा आधारित समाजवादउन्मुख, स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्र विकासका लक्ष्य, पन्ध्रौं आवधिक योजना, प्रदेशको प्रथम आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य, अल्पविकसित देशबाट विकासोन्मुख देशमा स्तरोन्नति हुने एवम् दिगो विकासका लक्ष्य प्राप्ति गर्ने सम्बन्धमा गरिएका राष्ट्रिय एवम् अन्तराष्ट्रिय प्रतिवद्धताहरूका साथै वर्तमान संयुक्त सरकारको प्राथमिकता एवम् प्रतिवद्धता र

राजनीतिक दलद्वारा निर्वाचनमा प्रस्तुत घोषणापत्रलाई प्रमुख मार्गदर्शन तथा आधारको रूपमा लिईनेछ। जनतामा संघीयता प्रतिको भरोसा र प्रदेश सरकारका कार्यजिम्मेवारीमा प्रभावकारिता ल्याई थप जनविश्वास जगाउनेतर्फ आगामी आर्थिक वर्षको बजेट निर्देशित रहने जानकारी गराउन चाहन्छु।

**माननीय सभामुख महोदय,**

माथि उल्लिखित पृष्ठभूमिलाई आत्मसात गर्दै "**समृद्ध लुम्बिनी :आत्मनिर्भर प्रदेश**" को सोँचलाई साकार पार्ने वर्तमान सरकारको प्रतिबद्धता अनुरुप प्रदेश विनियोजन विधेयक, २०८० का सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## आर्थिक बृद्धि र समष्टिगत आर्थिक स्थायित्वः

७. प्रादेशिक अर्थतन्त्रलाई गतिशील बनाई समाजवाद उन्मुख सामाजिक न्यायमा आधारित समावेशी सन्तुलित एवम् दिगो विकासको माध्यमबाट हरित अर्थतन्त्रमा आधारित उच्च आर्थिक बृद्धि हासिल गर्न प्रदेशले आफ्नो आयको दायरा विस्तार गरी आन्तरिक र बाह्य स्रोतहरूको प्रभावकारी परिचालन गरिनेछ। निरपेक्ष गरिबीको रेखामुनी रहेका नागरिकलाई रोजगारी र आयआर्जनका माध्यमबाट जीवनस्तर अभिबृद्धि गरी बहुपक्षीय ढङ्गबाट प्रदेशको बहुआयामिक गरिबी न्यूनीकरण गर्नका लागि प्रदेश सरकारका प्राथमिकता प्राप्त क्षेत्रमा वित्तीय पहुँच सुनिश्चित गराई बचत परिचालन गर्ने तर्फ बजेट लक्षित रहने छ।

## सामाजिक विकास र सामाजिक न्यायः

८. सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको गुणस्तरीय स्वास्थ्य तथा खानेपानीमा पहुँच विस्तार गरिनेछ। उच्च शिक्षा, व्यावसायिक तथा प्राविधिक शिक्षाको माध्यमबाट जीवनोपयोगी सीप र उद्यमशीलता प्रबर्द्धन गरी मानव पुँजीको विकास गरिनेछ। खेलकुद, भाषा, कला, साहित्य तथा सांस्कृतिक सम्पदा एवम् ऐतिहासिक, धार्मिक महत्वका गुठीहरूको संरक्षणलाई विशेष प्राथमिकता दिइने छ। महिला, बालवालिका, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, शारीरिक तथा बौद्धिक अपाङ्गता लगायतका

व्यक्तिको मुलप्रवाहीकरणका लागि प्रदेश सरकारद्वारा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा विशेष प्राथमिकता दिइनेछ।

**दिगो विकास, वन तथा वातावरण संरक्षण एवम् जलवायु परिवर्तनः**

९. सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्ने अन्तराष्ट्रिय प्रतिबद्धता अनुरुप दिगो विकासका लक्ष्यलाई प्रदेशका योजना तथा कार्यक्रमहरूमा आन्तरिकीकरण गरी जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका लागि वातावरणीय सन्तुलनलाई उच्च प्राथमिकता दिइनेछ। सघन वन व्यवस्थापन मार्फत् वन पैदावारको उत्पादन र उत्पादकत्व बढाई वनजन्य उद्यमको

विकास गरी रोजगारी र आयआर्जन बृद्धि गर्न जोड दिइनेछ। जैविक विविधता, चुरे तथा एकीकृत जलाधार क्षेत्रको उचित संरक्षण, व्यवस्थापन र सदुपयोगबाट वातावरणीय सन्तुलन कायम गरिनेछ। मानव र वन्यजन्तुबीच हुने द्वन्द्व न्यूनीकरण र प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्न तीनै तहका सरकारबीच समन्वय गरिनेछ।

**अन्तर सरकारी समन्वय र सहकार्यः**

१०. प्रदेशको संरचनागत दिगो आधारशीला निर्माण गर्न संघ, प्रदेश र स्थानीय तहबीच कार्यात्मक अन्तरसम्बन्ध प्रभावकारी बनाइनेछ। संघीय इकाईहरूबीच वित्तीय हस्तान्तरण, योजना तथा कार्यक्रम छनौट र कार्यान्वयनमा रहेको दोहोरोपना हटाई

विनियोजन कुशलता मार्फत् बजेट कार्यान्वयन दक्षता अभिबृद्घि गरिनेछ।

**सार्वजनिक, निजी तथा गैर सरकारी क्षेत्रको सहकार्यः**

११. सार्वजनिक, नीजि तथा विकास साझेदारबीचको सहकार्यलाई विशेष जोड दिई लगानीको प्रभावकारिता बृद्धि गरी उत्पादनमुखी अर्थतन्त्रको आधार निर्माण गर्न उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै कृषि, वन, उर्जा, पर्यटन लगायतका क्षेत्रको विकास मार्फत् आर्थिक बृद्धि एवम् रोजगारीका अवसर बृद्धि गर्दै मुल्य श्रृङ्खलामा आधारित औद्योगिक तथा व्यापारिक गतिविधि विस्तार गरिनेछ।

## सहकारीको विकास र नियमनः

१२. सहकारी क्षेत्रको प्रबर्द्धन र नियमनको माध्यमबाट स्थानीय स्रोत, श्रम, सीप र पुँजीलाई अधिकतम् रूपमा परिचालन गरी प्रादेशिक अर्थतन्त्र विकासको दीर्घकालीन लक्ष्य हासिल गर्न उत्पादन तथा सेवामा आधारित व्यवसायमा सहकारी क्षेत्रलाई क्रियाशिल बनाउँदै उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने तर्फ बजेट केन्द्रित रहनेछ।

## पूर्वाधार विकासः

१३. भूगोल, जनसङ्ख्या तथा विकासको आवश्यकताबीच सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि प्रादेशिक विकास

योजना अन्तर्गत विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै दिगो, सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा विपद् उत्थानशील पूर्वाधारको विकास गर्नेतर्फ बजेट केन्द्रित रहनेछ। पूर्वाधार विकास तथा मर्मत संभार कार्यको निर्धारित समय, गुणस्तर, परिमाण, उपयुक्त प्रविधि र प्रणाली अनुरुप योजना कार्यान्वयन गर्न सार्वजनिक निकायको व्यवस्थापकीय र प्राविधिक क्षमता अभिबृद्धि गरिनेछ।

**सुशासन प्रवर्द्धनः**

१४. भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अवलम्बन गरी प्रदेशको सार्वजनिक प्रशासनलाई सूचना तथा संचार प्रविधिमा आधारित स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी,

जवाफदेही, उत्तरदायी र सहभागितामूलक बनाउँदै सार्वजनिक सेवामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभुति गर्नेतर्फ प्रदेश सरकार केन्द्रित रहनेछ। प्रदेशमा कार्यरत राष्ट्रसेवकको कार्यसम्पादनलाई नतिजामूलक बनाउन सूचना प्रविधिमा आधारित कार्यसम्पादन अनुगमन प्रणालीको विकास गरिनेछ।

**माननीय सभामुख महोदय,**

सीमित स्रोत, साधन र बढ्दो जनअपेक्षा तथा आवश्यकताबीच तादम्यता कायम गर्दै विनियोजन विधेयकका प्राथमिकता निर्धारण आफैमा चुनौतीपूर्ण कार्य हो। स्रोतको दायरा विस्तार एवम् उपलब्ध स्रोत

साधनको विवेकशील र न्यायसङ्गत रूपले वितरण गर्ने कार्यमा समुचित तथा समन्यायिक सन्तुलन कायम गर्नुपर्ने देखिएको छ। सोही परिप्रेक्ष्यमा म प्रदेश विनियोजन विधेयक, २०८० का क्षेत्रगत प्राथमिकता प्रस्तुत गर्न चाहन्छुः

## क. कृषि

१५. कृषि क्षेत्रलाई प्रदेश अर्थतन्त्रको एक प्रमुख माध्यम बनाउन कृषि क्षेत्रमा थप स्रोत परिचालन गरिनेछ। कृषिजन्य उपजको उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषि क्षेत्रलाई लैङ्गिकमैत्री र समावेशी बनाई आधुनिकीकरण, व्यवसायीकरण र औद्योगीकरण गर्न निजी, सहकारी तथा विकास साझेदारको परिचालनमार्फत् रोजगारी सिर्जना, आय बृद्धि, गरिबी निवारण

गर्दै कृषि तथा कृषिजन्य क्षेत्रमा आत्मनिर्भरता हासिल गर्नेतर्फ बजेट लक्षित हुनेछ। भू-उपयोग योजनाको आधारमा भुमिको खण्डीकरण रोकी परम्परागत कृषि ज्ञान, सीप, प्रविधिका साथै रैथाने वाली तथा जैविक विविधतालाई संरक्षण र प्रवर्द्धन गरिनेछ। कृषिजन्य क्षेत्रमा विभिन्न प्रकारका सिँचाइ सुविधा विस्तार गर्दै सिँचाइमा उपयोग हुने विद्युतमा सहुलियत दिइनेछ।

१६. कृषि तथा पशुपालन क्षेत्रमा रहेका जोखिमलाई कृषि बिमा लगायतका अन्य वित्तीय पहुँचका माध्यमबाट न्यूनीकरण गर्दै स्थानीय नस्ललाई संरक्षण गरी जलवायु परिवर्तन तथा माटो अनुकूलन अनुरुप कृषि क्षेत्रको विकास गरिनेछ। कृषि क्षेत्रमा दिइदै आएको अनुदानको ढाँचा र स्वरुप

परिमार्जन गरी कृषकले गर्ने उत्पादनका आधारमा संघ तथा स्थानीय तहसँग समन्वय गरी अनुदान दिने प्रणालीलाई व्यवस्थित गरिनेछ। साथै, यस प्रदेशमा तुलनात्मक लाभ भएका कृषि वाली, रैथाने वालीहरूको प्राङ्गारिक तथा प्राकृतिक विधिमा आधारित खेतीलाई प्रोत्साहन गर्दै त्यस्ता उत्पादनको ब्राण्डिङ तथा प्याकेजिङको कार्यलाई थप प्रभावकारी वनाई कृषि तथा कृषिजन्य व्यवसायको मुल्यश्रृङ्खला प्रवर्द्धन गरिनेछ। खुला रूपमा छाडिएका पशु चौपायाको व्यवस्थापन गर्न सरोकारवालासँगको साझेदारीमा गौशाला निर्माण गरी सोबाट उत्पादन हुने प्राङ्गारिक मल-मुत्र आदिको उचित उपयोग गरिनेछ।

## ख. सामाजिक विकासः

१७. उच्च शिक्षा र प्राविधिक शिक्षाको गुणस्तर सुधारमार्फत् ज्ञानमा आधारित अर्थतन्त्रको आधारस्तम्भ तयार गर्न शिक्षा क्षेत्रको पूर्वाधार विकास र छात्रवृत्तिको कार्यक्रमलाई निरन्तरता दिईनेछ। लुम्बिनी प्राविधिक विश्वविद्यालयमार्फत् उच्च शिक्षालाई नवप्रवर्तन, आविष्कार र अनुसन्धानमूलक बनाई श्रमबजारको माग अनुरुपको शिक्षाबाट रोजगारी सिर्जना एवम् आय आर्जन अभिबृद्धि गर्नेतर्फ बजेट केन्द्रित गरिनेछ।

१८. स्थानीय तह र संघ सरकारको समन्वयमा स्वास्थ्यमा सबैको सहज पहुँच सुनिश्चितता गर्न आधारभूत स्वास्थ्य सेवाको गुणात्मक विस्तार गरिनेछ। प्रदेशमा रहेको

मातृमृत्युदर, बालमृत्युदर र महिला तथा बालबालिकामा रहेको कुपोषण घटाउन सबै जिल्लामा सुरक्षित मातृत्व मार्गचित्र लागू गरिनेछ। प्रादेशिक अस्पतालहरूमा विशिष्टिकृत सेवा विस्तार गरिनेछ साथै आयुर्वेदिक तथा अन्य वैकल्पिक चिकित्सा प्रणालीको संरक्षण, विकास र विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ। निरोगी नागरिक बनाई मानव पुँजी विकास गर्ने रणनीति अनुरुप विद्यालय तथा समुदायस्तरमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

१९. जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानपूर्वक बाच्नका लागि आधारभुत आवश्यकता परिपूर्ति गर्दै

उनीहरूको सीप, ज्ञान, क्षमता तथा अनुभवलाई प्रादेशिक अर्थतन्त्रको विकासमा अधिकतम उपयोग गरिनेछ।

२०. आर्थिक तथा सामाजिक रूपले पिछडिएका वर्ग तथा समुदायका महिलाको अर्थपूर्ण सहभागिता अभिबृद्धि गरी विकासको मुलप्रवाहीकरण र सशक्तीकरणमार्फत् लैङ्गिक हिंसा, भेदभाव र वहिष्करणको अन्त्य गर्दै महिलाका हक अधिकारको सुनिश्चितता गरिनेछ। बाल अधिकारको संरक्षण गर्दै बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि बालमैत्री वातावरण सिर्जना गरी शिक्षा तथा स्वास्थ्य सेवामा सबै बालबालिकाको पहुँच अभिबृद्धि गरिनेछ। दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग,

पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, शारीरिक तथा बौद्धिक अपाङ्ग लगायतको समावेशीकरण, मूलप्रवाहीकरण र समन्यायिक विकासका लागि आय आर्जन बृद्धि तथा गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. खेलकुद विकासको सम्भाव्यता अध्ययन गरी रणनीतिक योजना बनाई प्राथमिकताका आधारमा प्रदेशस्तरमा खेलकुद पूर्वाधारको विकास गरी नियमित रूपमा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने वातावरण मिलाइनेछ। साथै, खेलाडीहरूको क्षमता विकास तथा प्रोत्साहनका कार्यक्रममार्फत् राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादन तथा विकास गरिनेछ। खेलकुद

अर्थतन्त्रमा योगदान पुऱ्याउने खेलहरूलाई स्थानीयस्तरसम्म क्रमशः विस्तार गरिनेछ।

२२. प्रदेशका विविध भाषा र संस्कृतिलाई संरक्षण र सम्वर्द्धनका लागि सांस्कृतिक संग्रहालय, साहित्य-कला एकेडमी र कला पुरस्कारको स्थापना गरिनेछ। साथै, सांस्कृतिक विविधतालाई उपयोग गरी प्रदेशमा रहेका पर्यटकीय, ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलको प्रकृति, कार्यक्षेत्र र संभाव्यताका आधारमा वर्गीकरण गरी त्यस्ता सम्पदाको प्रर्वद्धन, उपयोग र परिचालन गरिनेछ।

२३. आर्थिक विकासमा युवाको सहभागिता र उद्यमशीलता प्रवर्द्धन गर्न व्यवसायिक सीप एवम् प्राविधिक शिक्षा प्रदान गरी स्वरोजगार र रोजगारीका अवसर सिर्जना गरिनेछ। व्यवसायिक योजना तथा वित्तीय साक्षरताका

कार्यक्रममार्फत् वित्तीय पहुँच अभिबृद्धि गर्दै स्वरोजगारीका अवसर सिर्जना गरी उत्पादनशील क्षेत्रमा परिचालन हुने व्यवस्था मिलाइनेछ। जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलनका सहिद, घाइते, अपाङ्ग, बेपत्ता परिवार लगायतलाई व्यवसायिक तथा प्राविधिक तालिममार्फत् उद्यमशीलता विकास गर्न सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

२४. निजी तथा गैरसरकारी क्षेत्र समेतको सहकार्यमा जनशक्तिको सीप विकास गरी स्वदेशमा रोजगारीका अवसर बढाइनेछ। श्रमबजारको माग र आपूर्तिमा आउने परिवर्तनलाई सुक्ष्म रूपमा नियमित अध्ययन गरी रोजगारदातालाई चाहिने श्रमिकको माग प्रक्षेपण गरिनेछ।

२५. वैदेशिक रोजगारीमा जाने युवाका लागि आवश्यक सीप अभिबृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ। साथै, वैदेशिक रोजगारीबाट फर्केर आएका व्यक्तिको ज्ञान, सीप, पुँजी र अनुभवलाई प्रादेशिक अर्थतन्त्रमा उपयोग गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ।

## ग. पूर्वाधार विकास

२६. प्रदेश राजधानीको गुरूयोजना अनुसार पूर्वाधार निर्माण कार्यलाई उच्च प्राथमिकता दिई स्रोतको व्यवस्था गरिनेछ । साथै, राजधानी क्षेत्रमा विद्यमान शिक्षा र स्वास्थ्यका संरचनालाई विस्तार गर्दै सार्वजनिक र निजी क्षेत्रसँगको सहकार्यमा

आधुनिक विद्यालय र अस्पताल निर्माण गरिनेछ।

२७. प्रदेश सरकारको आन्तरिक स्रोतलाई दृष्टिगत गर्दै पूर्वाधारतर्फका शिक्षा, स्वास्थ्य, सडक, सिँचाइ, खानेपानी, उर्जा, भवन तथा शहरी विकास लगायतका क्षेत्रका ठूला आयोजनालाई प्राथमिकीकरण गरी प्रदेश गौरवका आयोजनाका रूपमा विकास गर्न संघीय सरकारसँगको समन्वयमा अनुदान तथा सहलगानीमार्फत् स्रोतको व्यवस्था गरिनेछ। प्रादेशिक सडक विस्तार भएको सन्दर्भमा मर्मत संभार गर्न बजेट छुट्याई सडक सूचारु राख्ने व्यवस्था मिलाइनेछ।

२८. सौर्य उर्जा, जैविक, वायु उर्जा तथा बैकल्पिक उर्जाका स्रोतको विकासमा निजी क्षेत्रलाई समेत आकर्षित गरी प्रदेशलाई बैकल्पिक

उर्जा उत्पादनमा अग्रणी बनाइनेछ। साथै, यस कार्यमा सहकारी तथा समुदायलाई समेत आकर्षित गर्ने कार्यक्रम ल्याईनेछ।

२९. सुरक्षित आवासको व्यवस्था गरी वस्तीहरूमा स्वच्छ र सफा खानेपानी पुऱ्याउनुका साथै, फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ। प्रदेशका मुख्य तीन सहरलाई करीडोर सहित स्याटलाईट सहरको रूपमा व्यवस्थित एवम् योजनाबद्ध तवरले विकास गरिनेछ ।

३०. क्रमागत र बहुवर्षीय आयोजनालाई उच्च प्राथमिकता दिइनेछ। परियोजना बैंक स्थापनामार्फत् नयाँ आयोजनालाई लागत प्रतिफलको अनुपात र प्रभावकारिताको आधारमा प्राथमिकीकरण गरी कार्यान्वयन गरिनेछ।

## घ. उद्योग, वाणिज्य तथा पर्यटनः

३१. प्रदेशभित्र भएका सम्भावित खानी तथा बहुमूल्य धातुको उत्खननका लागि नेपाल सरकारसँग समन्वय गरी सम्भाव्यता अध्ययन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

३२. लघु, घरेलु तथा साना र मझौला उद्योगको संरक्षण तथा संवर्द्धन मार्फत् निजी क्षेत्रसँगको सहकार्यमा प्रदेशमा उपलब्ध स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र विकासमा जोड दिइनेछ। परम्परागत सीप र उद्यमको दक्षता अभिबृद्धि गर्दै क्रमशः आधुनिकीकरण गरिनेछ। साथै, त्यस्ता उद्योगको उत्पादनलाई बजारसँग जोड्ने र मूल्य श्रृङ्खला अभिबृद्धि गर्ने कार्यलाई अगाडि बढाइनेछ।

३३. तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभको आधारमा जिल्लागत रूपमा भिन्न वस्तुहरू उत्पादन गरी प्रदेश भित्रको व्यापार प्रवर्द्धन गर्न रणनीतिक सडक सञ्जालको उपयोग गरिनेछ।

३४. पर्यटन क्षेत्रको विकासका लागि नेपाल सरकारले तोकेका पर्यटकीय गन्तव्यका अतिरिक्त प्रदेश सरकारको प्राथमिकताको आधारमा पर्यटकीय स्थलहरूको विस्तार, संरक्षण र संवर्द्धन गरिनेछ। पर्यटन पूर्वाधार विकास एवम् पर्यटन सेवाको विविधिकरणमार्फत् पर्यटकीय भ्रमण दर बढाई नेपाल सरकारसँगको समन्वयमा बाह्य पर्यटक भित्र्याउने रणनीति कार्यान्वयन गरिनेछ।

३५. लुम्बिनी प्रदेशको पहिचान झल्कने गरी विभिन्न समुदायको साँस्कृतिक ग्राम, खानाको परिकार र पेय पदार्थका साथै स्थानीय मौलिक उत्पादनलाई ब्राण्डिङ र प्याकेजिङ्ग गरी पर्यटन र संस्कृतिको अन्तरआवद्धतामार्फत पर्यटन प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ।

३६. नवप्रवर्तनलाई प्रोत्साहन गरी श्रमबजार, व्यक्तिको क्षमता र रुचिको आधारमा उत्पादन, आयआर्जन र उद्यमशीलता प्रवर्द्धन गरिनेछ। औद्योगिक तथा व्यापारिक पूर्वाधार विकासमा जोड दिइनेछ। स्वदेशी र अन्य लगानी बढाउन आवश्यक नीतिगत, कानूनी र प्रक्रियागत सुधार गरिनेछ।

## ङ. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनः

३७. वन पैदावारको उत्पादन र उत्पादकत्व बढाउँदै वन पैदावारमा आधारित उद्यम कार्यक्रम सञ्चालन गरी वन क्षेत्रलाई हरित रोजगारीमार्फत् जनताको जीवनस्तर सुधार गर्ने माध्यमका रूपमा स्थापित गर्दै लगिनेछ।

३८. प्रदेशमा उपलव्ध प्राकृतिक स्रोत साधनको विवरण तयार गरी प्राथमिकताको आधारमा उपयोग तथा परिचालनको रणनीति बनाइनेछ। वातावरणीय तथा जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

३९. शहरी वन एवम् सडक हरियाली प्रवर्द्धन गर्न शहरका घना बस्ती र राजमार्गहरूमा सौदर्यीकरणका लागि वृक्षारोपणको कार्यक्रम सञ्चालन गरिनेछ।

४०. प्राथमिकीकरणका आधारमा जलाधारहरूमा केन्द्रित पानीको स्रोत व्यवस्थापन एवम् पुनर्जलभरण पोखरी निर्माण र संरक्षण जस्ता एकीकृत जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ। प्राकृतिक प्रकोपको रोकथाम, पूर्वाधार संरक्षण, उपल्लोतटीय र तल्लोतटीय क्षेत्रको अन्तरसम्बन्ध कायम हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

४१. आयोजनाको कार्यान्वयनमा वातावरणीय पक्षलाई उच्च प्राथमिकता दिई राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त आयोजनाहरूमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको

कार्यान्वयनलाई अनिवार्य गरिनेछ। जलवायु परिवर्तनबाट वातावरण, कृषि उत्पादन तथा जनजीवनमा पर्न गएका असरलाई न्यूनीकरण तथा अनुकूलनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। साथै, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न प्रदेशस्तरका मापदण्डहरूको विकास, परिमार्जन गरी कार्यान्वयन गरिनेछ।

४२. उच्च पहाडी तथा पहाडी क्षेत्रका वन र वन पैदावारको व्यवस्थापनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। साथै, वनक्षेत्रका खोला खोल्सीको व्यवस्थापनमार्फत नदीजन्य पदार्थको बिक्री वितरण गरी राजस्व अभिबृद्धि गरिनेछ।

४३. जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारको व्यवसायिक खेती बिस्तार गर्दै बजार प्रवर्द्धन

गर्न निजी क्षेत्रको साझेदारीमा प्रशोधन उद्योग सञ्चालनका कार्यक्रम सञ्चालन गरिनेछ।

४४. जडिबुटी लगायतका विभिन्न कच्चा पदार्थबाट स्थानीय गुरुवा, बैद्यबा आदिबाट सिर्जित सीप तथा उत्पादनजन्य कार्यलाई बौद्धिक सम्पत्तिको रुपमा समेत संरक्षण गर्न समन्वय तथा सहजीकरण गरिनेछ।

४५. जलवायु परिवर्तन तथा विपद्को जोखिममा रहेका वर्ग र समुदायको फरक- फरक जोखिम एवम् संकटासन्नतालाई दृष्टिगत गर्दै विशेष योजना तथा कार्यक्रम तयार गरी लागू गरिनेछ।

४६. विपद् व्यवस्थापनको कार्यलाई थप प्रभावकारी बनाई विपद् पूर्व तयारी, उद्धार

तथा खोज एवम् विपद् पछिको पूनर्निर्माण कार्यमा प्रभावकारीता ल्याईनेछ।

**च. रोजगारी सिर्जना, राजस्व परिचालन तथा आर्थिक वृद्धिः**

४७. विद्यमान वेरोजगारी तथा न्यून आयको अवस्थालाई सम्बोधन गर्न सामाजिक परिचालन, सीप, पुँजी र प्रविधिको संयोजनमार्फत् उद्यमशीलताको प्रवर्द्धन गरी निजी क्षेत्र, सहकारी तथा विकास साझेदारसँगको सहकार्यमा श्रम बजारको मागअनुरूप आगामी दुई वर्षमा दुई लाख रोजगारीका अवसर सिर्जना गरिनेछ। यसका लागि उत्पादनशील कार्यमा आय आर्जनको दिगोपना कायम रहने गरी सबै प्रकृतिका विकास प्रयासलाई रोजगारीसँग

मलप्रवाहीकरण गर्ने संयन्त्र सहित मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम सञ्चालन गरिनेछ।

४८. वित्तीय पहुँच कम भएका क्षेत्रमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी वित्तीय संस्थाको शाखा खोल्न प्रोत्साहन गरिनेछ। आवश्यकताका आधारमा यस प्रदेशमा केन्द्रीय कार्यालय भएका विकास बैंक र वित्त कम्पनीसँग सार्वजनिक स्रोत परिचालनमा सहकार्य गरिनेछ।

४९. प्रदेशका गरिब घरधुरी पहिचान र परिचयपत्र वितरण कार्यमा संघ तथा स्थानीय तहसँग आवश्यक सहजीकरण गरिनेछ। साथै, गरिब परिवारलाई वित्तीय साक्षरता प्रदान गरी वचत गर्ने बानीलाई प्रोत्साहन गरिनेछ। गैर सरकारी संस्थालाई

गरिबीको सघनता बढी भएका स्थानमा गरिबी न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गरिनेछ।

५०. प्रदेश सरकार र स्थानीय तहबीच साझा अधिकारको रूपमा रहेका नदीजन्य पदार्थको शुल्कलाई प्रदेश तथा स्थानीय तहको एक प्रमुख आर्थिक स्रोतको रूपमा व्यवस्थापन गर्न छुट्टै ऐन निर्माणका लागि संघीय सरकारसँग समन्वय गरिनेछ। प्रदेशभित्र नदीजन्य पदार्थ उत्खनन गरिने कार्यलाई प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

५१. प्रदेशको एकल अधिकारको रूपमा रहेको प्रदेशभित्रको राष्ट्रिय वनलाई प्रदेश सरकारको आयको प्रमुख स्रोतको रूपमा विकसित गर्दै लगिनेछ। प्रदेश सरकारको

अधिकारक्षेत्रभित्र रहेका कर तथा गैरकरको दायरा विस्तार गर्दै यसबाट सङ्कलन हुने राजस्व बढाउने व्यवस्था मिलाइनेछ।

५२. प्रदेशको आन्तरिक आयलाई सुदृढ बनाउन प्रदेश सरकारको राजस्व अधिकार क्षेत्रभित्र पर्ने अन्य स्रोतहरूको पहिचान गरी दायरा विस्तार गरिनेछ। राजस्व परिचालनलाई थप सुदृढ बनाउन सूचना प्रविधिमा आधारित राजस्व प्रशासन नीति र संरचनाको निर्माण गरिनेछ। अन्तर निकाय समन्वय एवम् सूचना आदानप्रदान र राजस्व सङ्कलनको जोखिम भएका क्षेत्रमा राजस्व चुहावट नियन्त्रणका लागि प्रभावकारी व्यवस्था मिलाइनेछ।

## छ. खर्चमा मितव्ययिता तथा आर्थिक व्यवस्थापनः

५३. आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाई सबै आर्थिक कारोबारहरू मितव्ययी एवम् औचित्यपूर्ण बनाइनेछ। चालु खर्चलाई निश्चित सीमामा कायम राखी पुँजीगत खर्च बढाउने नीति अवलम्बन गरिनेछ।

५४. बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन प्रणालीका बीचमा अन्तर-आवद्धता कायम गरी स्वचालित बजेट प्रणालीलाई थप नतिजामूलक बनाइनेछ। क्रियाकलापमा आधारित बजेट विनियोजन तथा कार्यान्वयन प्रणालीलाई पूर्ण रूपमा अवलम्वन गरिनेछ।

५५. स्थानीय तहलाई प्रदान गरिने अनुदानबाट संचालन हुने कार्यको भौतिक तथा वित्तीय

प्रगति ट्र्याकिङ गर्ने प्रणाली विकास गरी स्थानीय तहबाट प्राप्त हुने भौतिक एवम् वित्तीय कार्य प्रगति विवरणका आधारमा थप निकासा हुने व्यवस्था मिलाइने छ।

५६. लेखापरीक्षणबाट औंल्याइएका बेरुजु फछ्र्यौट गर्न विशेष प्राथमिकता दिइनेछ। कानूनको परिपालना र वित्तीय अनुशासन कायम गरी बेरुजु न्यून गर्न सरोकारवालालाई प्रोत्साहित गरिनेछ।

## ज. शान्ति सुरक्षा तथा सुशासन

५७. जनताले अनुभूत गर्न सक्ने गरी शान्ति, सुव्यवस्था र अमनचयन कायम गर्न सबै सुरक्षा निकायहरूसँग सहयोग, समन्वय र सहकार्य गरिनेछ। अपराधरहित समाज निर्माण गर्न नैतिक शिक्षा तथा नागरिक

सचेतनाका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

५८. प्रदेशमा उपलब्ध प्राकृतिक, मानवीय र अन्य स्रोतको सम्भाव्यताको आधारमा प्रदेशको दोस्रो आवधिक योजना तयार गरिनेछ। साथै, क्षेत्रगत विकासका रणनीतिक योजना र नतिजामूलक ढाँचा तयार गरी स्रोत साधनको प्राथमिकताका आधारमा परिचालन गरिनेछ।

५९. प्रादेशिक तथ्याङ्क सङ्कलन, प्रशोधन तथा व्यवस्थापनका लागि एकीकृत प्रदेश तथ्याङ्कीय प्रणालीको विकास गरिनेछ।

६०. सार्वजनिक सेवाको लागत न्यूनीकरण गर्न सार्वजनिक सेवा प्रवाहलाई सरल, छरितो, पहुँचयोग्य, गुणस्तरीय, प्रभावकारी र नतिजामुखी बनाइनेछ। समान प्रकृतिका

कार्यसम्पादन गर्ने निकायहरूलाई एकीकृत संगठन संरचना तयार गरी एकद्वार प्रणालीबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न विद्यमान आयोग, परिषद्, प्रतिष्ठान, समिति आदिको पुनरावलोकन गर्दै नयाँ गठन कार्यलाई निरुत्साहित गरिनेछ। साथै, सेवा प्रवाहको आवश्यकता निक्यौंल गरेर मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

६१. सेवा प्रवाहमा उपलब्ध आधुनिक सूचना प्रविधिको उच्चतम प्रयोगमार्फत् पारदर्शिता र उत्तरदायित्व अभिबृद्धि गर्दै भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी प्रदेश सरकारप्रति आम नागरिकको विश्वास र भरोसा अभिबृद्धि गरिनेछ। प्रदेश सरकारका

सबै कार्यालयलाई नेटवर्किङमार्फत् एकीकृत गरी काम कारवाही विद्युतीय स्वचालित प्रणालीमा आवद्ध गरी प्रतिवेदन प्रणालीलाई सहज, सरल र यथार्थपरक बनाउन रिपोर्टिङ पोर्टलको व्यवस्था मिलाइने छ।

६२. सञ्चार क्षेत्रको सबलीकरण र सञ्चारकर्मीको सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

६३. न्यायिक सक्षमता अभिवृद्धि गर्न आवश्यक देखिएका स्थानीय तह पहिचान गरी सहजीकरण गरिनेछ।

६४. प्रदेश सरकार अन्तर्गतका कार्यालयको कार्यसम्पादन मूल्याङ्कन पद्धतिमा सुधार गर्दै कर्मचारीलाई प्रोत्साहन गर्न पुरस्कार र दण्डको सिद्धान्त अवलम्वन गरिनेछ। कर्मचारीको क्षमता विकासका लागि मागमा

आधारित तालिम सञ्चालन गर्नुका साथै प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

**माननीय सभामुख महोदय,**

६५. माथि उल्लिखित प्राथमिकताका क्षेत्रमा बजेट विनियोजन गर्दा स्रोतको सीमिततालाई मध्यनजर गर्दै निश्चित आधार र मापदण्ड तयार गरी आर्थिक एवम् सामाजिक लाभ उच्च भएका र बहुसङ्ख्यक जनता लाभान्वित हुने आयोजना तथा कार्यक्रम छनौट गरिनेछ।

६६. नतिजामूलक एवम् स्वचालित अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गरी निर्णय प्रक्रियालाई तथ्यमा आधारित गर्नुका साथै जवाफदेहिता अभिबृद्धि गर्न विकास आयोजना कार्यान्वयन पूर्व वार्षिक र बहुवर्षीय खरिद

योजना अनिवार्य गरी निर्धारित परिमाण, गुणस्तर, समय र लागतमै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।

६७. आर्थिक क्षमताका आधारमा सबै आयमुलक क्रियाकलापलाई औपचारिक अर्थतन्त्रमा समाहित गरी न्यायोचित ढङ्गबाट राजस्वको दायरा विस्तार गरिनेछ।

**माननीय सभामुख महोदय,**

६८. आर्थिक वर्ष २०८०/०८१ को बजेटको कार्यान्वयनबाट वर्तमान अवस्थामा देखिएका समस्याको समाधान र चुनौतीको सामना गरी अर्थतन्त्रलाई गतिशील बनाउँदै प्रदेशको आर्थिक सामाजिक विकासको माध्यमबाट **"समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश"** को

सोंचलाई साकार पार्न सघाउ पुग्ने विश्वास लिएको छु।

६९. यस सम्मानित प्रदेश सभा समक्ष प्रस्तुत प्रदेश विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता उपर छलफल भई माननीय प्रदेश सभा सदस्यहरूबाट रचनात्मक सुझावको अपेक्षा गरेको छु। माननीय सदस्यहरूबाट प्राप्त हुने सबै सुझावहरूलाई मार्गदर्शनको रूपमा लिँदै आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

**धन्यवाद ।**